# प्यारेन्ट पोर्टल: क्रोमबुक वितरण फारममा विध्युतीय (ई) हस्ताक्षर गर्ने
**मिति: अगस्त ३१, २०२०**

जिल्लाबाट क्रोम्बुकहरु प्राप्त गर्ने विद्यार्थीहरूकालागि कलम्बस सिटी स्कूलहरूले आवश्यक प्रक्रिया अध्यवधि गरेको छ। यस अघि अभिभावकहरूले उपकरण प्राप्त गर्न कागजातमा उल्लिखित दायित्वहरू बुझेको मानेर क्रोमबुक वितरण फाराममा हस्ताक्षर गर्नु पर्थ्यो। अहिले परिवारहरूले क्रोमबुक प्राप्त गर्ने फारममा सीधै प्यारेन्ट पोर्टलबाट ई-हस्ताक्षर गर्नेछन्। यी प्रक्रियाहरू कसरी पूरा गर्ने भन्ने निर्देशनहरू तल दिइएका छन्।

**चरण १: तँपाईको इन्फिनाइट् क्याम्पस प्यारेन्ट पोर्टलमा साइन इन गर्नुहोस्**

सिसिएस वेबसाइट् :www.ccsoh.us को अभिभावक पृष्ठमा प्यरेन्ट पोर्टल पृष्ठको लिंक प्रयोग गरि पोर्टलमा लग-इन् गर्नुहोस । यदि तँपाईले आफ्नो प्रयोगकर्ता नाम र/वा पासवर्ड सम्झन सक्नु भएन भने तँपाईले सेटअप गर्दा प्रयोग गर्नुभएको ईमेल ठेगाना लगाएर तँपाईले स्क्रिनको पोर्टलमा लग अन् गरि इमेल मार्फत जानकारी प्राप्त गर्न अनुरोध गर्न सक्नुहुनेछ।




**चरण २: कागजात ट्याब खोल्नुहोस्**

जब पोर्टल खुल्छ यसले स्वचालित रूपमा "सन्देश केन्द्र" पृष्ठलाई प्रदर्शन गर्दछ। "कागजातहरूको" ट्याबमा क्लिक गर्नुहोस्। यदि तँपाईले स्क्रिनको बाँया पट्टि ट्याबहरूको सूची देख्नु भएन भने ति ट्याबहरूको सूचीलाई प्रदर्शन गर्न इन्फिनाइट् क्याम्पस लोगो पछाडिको तीन धर्कामा क्लिक गर्नुहोस्।




**चरण ३: २०२०/२०२१ वर्षको क्रोमबुक वितरण, अभिभावक/संरक्षकको कागजात पत्ता लगाउनुहोस्**

कागजातले "ध्यान दिनुपर्ने" स्थिति देखाउँदछ। तँपाईले कागजात खोल्न, हस्ताक्षर थप्नकालागि अवस्था (स्टाटस)को छेउमा भएको सानो एर्रोमा क्लिक गर्नुहोस्।

# प्यारेन्ट पोर्टल: क्रोमबुक वितरण फारममा विध्युतीय (ई) हस्ताक्षर गर्ने
# मिति: अगस्त ३१, २०२०




**चरण ४: कागजातको समीक्षा गर्नुहोस्**

तँपाईको स्क्रीनमा कागजात खुल्नेछ। पूरा कागजात हेर्नकालागि तँपाईले तल वा माथि स्क्रोल गर्न सक्नुहुन्छ।
**कागजातमा ध्यान दिएर पढ्नु महत्वपूर्ण छ अनि यो निश्चित गर्न तँपाईले सबै सर्तहरूसँग सहमत हुनुपर्दछ।**




**चरण ५: तँपाईको ई-हस्ताक्षर संलग्न गर्नुहोस् र कागजात पेश गर्नुहोस्**

कागजातको समिक्षा गरेपछि अन्तिम पृष्ठमा स्क्रोल गर्नुहोस् र आइकनमा क्लिक गर्नुहोस् जहाँ तँपाईको हस्ताक्षर, थप कागज र पेन्सिल देखाउँदछ। एक संवाद कोठामा के तँपाई 'हस्ताक्षर' वा 'अस्वीकार' गर्न चाहानुहुन्छ? भनि सोधिएको देखा पर्नेछ। 'हस्ताक्षरमा' क्लिक गर्नुहोस्। तँपाईको ई-हस्ताक्षर अब कागजातमा प्रदर्शन हुन्छ। स्क्रिनको तल भएको 'सबमिट' (पेश) बटनलाई क्लिक गर्नुहोस्।










## चरण ६: तँपाईको कागजात बुझाइएको छ

कागजात ट्याबको पछाडि २०२०/२०२१ स्कूल बर्षमा अभिभावक/संरक्षकका कागजातमा अब 'हस्ताक्षर गरिएको तर तँपाईको क्रोमबुक वितरण “विचाराधीन" स्थितिमा भएको देखाउँदछ। तँपाईले अरू केहि गर्न आवश्यक छैन। एकचोटि भवन निर्माण कर्मचारीले तँपाईको कागजात स्वीकार गरिसकेपछि स्थिति 'पूर्ण' मा परिवर्तन हुनेछ।

